म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१२ मंगलबार २९ फागुन २०८० ने. सं. ११४४ चिल्लाथ्व 12 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भैरवरोडस्थित कोठामा एक पुरुष मृत भेटिए

हेटौंडा, २८ फागुन/हेटौंडा उपमहानगरपालिका-४, भैरवरोडस्थित भुटनदेवी स्कूलको मोडमा सोमबार बिहान एक पुरुष मृत अवस्थामा भेटिएका छन् ।

भुटनदेवी स्कूलको मोडमा एक घरमा डोरा गरी बस्ने चितवनको रत्ननगर-२ स्थायी ठेगाना भएका ३७ वर्षीय राजकुमार श्रेष्ठ मृत भेटिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, श्रेष्ठ आफू सुत्ने कोठामा मृत फेला परेका हुन् । घटनास्थलको मुचुल्का गरी शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा लगिएको छ । उनको मृत्युको कारण पत्ता लगाउन आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बागमतीमा सरकार विस्तारको तयारी, एमालेको निर्णय कुर्दै मुख्यमन्त्री

साझाकुरा संवाददाता



हेटौंडा, २८ फागुन/ बागमती प्रदेशमा सरकार विस्तारको प्रक्रिया अगाडि बढाइएको छ । केन्द्रीय गठबन्धनको निर्देशनअनुसार आज मंगलबारबाट मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् विस्तार गर्न लागेका हुन् ।

केन्द्रीय गठबन्धनमा प्रदेशका मुख्यमन्त्रीको भागबण्डा नटुंगिएकाले बागमतीमा सरकार गठनको प्रक्रिया अगाडि बढ्न सकेको थिएन । 'माथि भागबण्डाको कुरा टुंगिएर यहाँ निर्देशन आइसक्यो । अब तीव्ररुपमा सरकारलाई पूर्णता दिन मुख्यमन्त्रीज्यू तयार हुनुभएको छ', नेकपा माओवादी केन्द्र नकिट स्रोतले भन्यो । १२ सदस्यीय मन्त्रिपरिषद्मा हाल सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रबाट मुख्यमन्त्रीसहित चार, नेकपा (एकीकृत समाजवादी) का दुईजना मन्त्री छन् ।

नेपाली कांग्रेसले २३ फागुनमा सरकारलाई दिएको समर्थन फिर्ता गरेसँगै ६ जना मन्त्रीहरुले राजीनामा दिइसकेका छन् । मुख्यमन्त्री जम्कट्टेलले नेकपा एमाले र हाम्रो नेपाली पार्टीलाई सरकारमा ल्याएर नयाँ मन्त्री नियुक्तको तयारी गरेका हुन् । मुख्यमन्त्री निकट स्रोतकाअनुसार सम्भवत: आज मंगलबार नै एकजना मन्त्रीको सपथ ग्रहण गराउने तयारी छ । 'सायद भोलि (मंगलबार) नै एकजना मन्त्री नियुक्त हुन सक्छन् । मंगलबार नभ्याए ३० गते निश्चित छ,' एक सांसदले बताए ।

एमाले, माओवादी र एकीकृत समाजवादीको गठबन्धन सरकारलाई बहुमत जुटाउन हाम्रो नेपाली पार्टी (हानेपा)को समर्थन जरुरी छ । ११० सदस्य प्रदेशसभामा सरकारले बहुमत सिद्ध गर्न ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टा २ प्रदेशसभा सदस्य छन् ।

सत्तागठबन्धनमा रहेका दल एमाले, माओवादी र एकीकृत समाजवादीले मात्र बागमतीमा सरकार गठनका लागि बहुमत पुऱ्याउन सक्दैनन् । उनीहरुको सांसद संख्या जोड्दा ५५ मात्र पुग्छ । त्यसपछि सरकार बनाउन कम्तिमा २ सिट भएको हाम्रो नेपाली पार्टीको समर्थन कायम आवश्यक छ ।

जम्कट्टेलको नेतृत्वमा २५ पुस २०७९ मै गठित सरकारलाई हानेपाले विश्वासको मत दिएको थियो । नयाँ परिस्थितिमा भने हानेपाको ठोस निर्णय आएको छैन । जसकारण हानेपाबाट बज्राचार्यलाई मन्त्री नियुक्त गरेर बहुमत जुटाउन जम्कट्टेल हतारिएका हुन् ।

सरकारको समर्थन कायम राखेको हानेपाबाट शैलेन्द्रमान बज्राचार्यलाई मन्त्री बनाउने तयारी जम्कट्टेलले गरेका हुन् । उनले विगतमै सरकारलाई समर्थन गर्दै एउटा मन्त्रालय मागेका थिए । मन्त्रालय नपाएपछि संसदीय समिति सभापति माग गरेको हानेपाले दुवै पाएन । बज्राचार्यले सरकारमा सहभागी हुन प्रस्ताव आइसकेको बताए । 'सरकारमा सहभागी हुन कुरा आएको छ, छलफल भइरहेको छ । अहिले तत्कालै त्यस्तो केही भइसकेको छैन,' बज्राचार्यले भने । उनले भोलि मंगलबार बिहान काठमाडौंबाट हेटौंडा आउने बताए ।

'मुख्यमन्त्रीज्युबाट मन्त्री नियुक्ती र सपथ ग्रहणको तयारी अगाडि बढाउने कुरा भएको छ । भोलि नै एक जनालाई मन्त्री नियुक्त गर्ने कि सत्तासाझेदार दलबीच सहमति जुटाएर एकैपटक विस्तार गर्ने भन्नेमा हुनुहुन्छ,' स्रोतले भन्यो ।

मुख्यमन्त्री जम्कट्टेल गठबन्धनको ठूलो दल एमालेको निर्णयको पखाईमा छन् । सोमबार हेटौंडामा एमाले संसदीय दलको बैठक बसेको छ । बैठकमा नयाँ समीकरणको सरकारमा सहभागी हुनेबारे छलफल भएको दलका नेता जगन्नाथ थपलियाले जानकारी दिए । उनले सरकारमा सहभागी गराउन साना दलसँग आवश्यक छलफल गर्ने काम भइरहेको बताए । एमालेको भोलि मंगलबार ३ बजेलाई संसदीय दलको बैठक बोलाइएको छ ।

# कान्तिलोकपथ सडक चैत १ गतेदेखि ४५ दिनसम्म बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ सडक खण्ड १ चैतदेखि ४५ दिनसम्म बन्द हुने भएको छ । चितलाङ-चन्द्रागिरी-थानकोट खण्ड र भीमफेदी-कुलेखानी-फर्पिङ सडक खडको निर्माण भइरहेका कारण कान्तिलोकपथ भएर दैनिक हजारौं सवारी साधन चलिरहेका थिए ।

ललितपुरको टीकाभैरवदेखि भट्टेडाँडा, बगुवा हुँदै मकवानपुरको ठिंगन भएर हेटौंडा पुग्ने कान्तिलोकपथबाट दैनिक सयौंको संख्यामा सवारीसाधन आवतजावत गरिरहेका छन् । ललितपुरको काल्चे खण्डको सडक चौडा गर्नका लागि आगामी चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिपथ बन्द गरिने योजनाका इन्जिनियर रवीन्द्र महर्जनले जानकारी दिएका छन् । 'मर्मतसम्भारका लागि काल्चेदेखि बगुवा खण्ड चैत १ गतेदेखि वैशाख १५ गतेसम्म बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म बन्द हुनेछ । यो खण्ड करिब १ दशमलव ५ किलोमिटर सडक खण्डको साँघुरो ठाउँमा सडक चौडा गर्न लागिएको हो । सडकमाथिका कडा चट्टान कटिङ गर्ने निर्णय भएको छ । यसका लागि अहिले ४५ दिन लाग्छ भन्ने हाम्रो अनुमान हो', उनले भने ।



ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा यही फागुन १६ गते बसेको बैठकले काल्चे खण्डमा पर्ने चेनेज कटिङसहितको निर्माण गर्न बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म सवारी आवतजावतमा रोक लगाउने निर्णय भएको हो । बैठकले कान्तिपथ खण्डमा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सेवाका यातायातलाई सञ्चालन गर्न सहजीकरण गर्ने निर्णयसमेत गरेको छ । विसं २०१३ मा शिलान्यास गरिएको काठमाडौंलाई हेटौंडासँग जोड्ने सडक मार्गको करिब पाँच किलोमिटर भाग अझै कालोपत्रे हुन बाँकी रहेको ईन्जिनियर महर्जनले बताए । सरकारले प्राथमिकता नदिँदा र विगतमा निर्माणको जिम्मा लिएका ठेकेदार कम्पनीले ढिलासुस्ती गरेर काम गर्दा यो सडक निर्माण ६७ वर्षदेखि निर्माणाधीन अवस्थामै छ ।

कान्तिपथको हेटौंडा बुद्धचोकदेखि ललितपुरको सातदोबाटोसम्म लम्बाइ ९२ किलोमिटर हो । यसमध्ये बुद्धचोकदेखि-टीकाभैरवसम्म ७९ किमि सडक आयोजनाले निर्माण गर्ने हो । बाँकी खण्ड निर्माणको जिम्मा सडक डिभिजन कार्यालय ललितपुरको हो । टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्म डिभिजन कार्यालयले चौडा पार्ने काम पूरा गरेको भए पनि स्थानीयको संरचनाको अवरोधका कारण ठेचो सुनाकोठीको भाग चौडा हुन नसकेपछि २०७६ सालमा सरकारले निर्णय गरेर सडकको खण्ड टीकाभैरवबाट छम्पी भैँसेपाटी हुँदै नख्खुसम्म तय गरेको छ । भैँसेपाटीसम्म सडक चौडा भएपछि छम्पी टीकाभैरव खण्डमा भने चौडा हुन बाँकी नै रहेको छ ।

# आचार्यलाई राधेश्याम स्मृति साहित्य सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/राधेश्याम स्मृति साहित्य सम्मानबाट मकवानपुरका छन्दकवि एवम् गजलकार पुरुषोत्तम आचार्य सम्मानित भएका छन् ।

राधेश्याम विजया फाउण्डेशन मकवानपुरले सोमबार आचार्यलाई नगद ११ हजार एक सय ११ रुपैयाँ राशीको साहित्य सम्मान प्रदान गरेको हो ।

लामो समयदेखि मकवानपुरे साहित्यमा क्रियाशील हर्नामाडी स्थायी निवासी आचार्यलाई साहित्यमार्फत समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको भन्दै नगदसहित सम्मान गरिएको हो । यसैगरी नगद १० हजार ५ रुपैयाँसहित विजयादेवी शैक्षिक पुरस्कार पवित्रा तिमल्सेनालाई प्रदान गरिएको छ ।

तिमल्सेनाले २०७९ सालको एसईई परीक्षामा ज्योति मावि हर्नामाडीबाट ३.६५ जिपिए ल्याएर उत्कृष्ट भएकी थिइन् ।

वामपन्थी नेता स्वर्गीय राधेश्याम खतिवडा र उनकी ८६ वर्षीया पत्नी विजयादेवी खतिवडाको नाममा २०७६ सालमा उनीहरुका छोराहरु अरुण र बरुण खतिवडाले १० लाख रुपैयाँको अक्षयकोष खडा गरी फाउण्डेशन स्थापना गरेका थिए । सोही अक्षयकोषबाट प्राप्त ब्याजबाट साहित्यकार र उत्कृष्ट विद्यार्थीलाई नगदसहित सम्मान र पुरस्कार प्रदा गरिएको हो ।

राधेश्याम विजया फाउण्डेशन मकवानपुरका अध्यक्ष एवम् अधिवक्ता अरुणकुमार खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा लेखक एवम् अग्रज पत्रकार नवराज शर्माको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा श्यामप्रसाद शर्मा प्रतिष्ठानका कार्यवाहक अध्यक्ष इन्द्र नेपाल, बुढ्यौली साहित्य समाजका अध्यक्ष आरसी रिजाल, ज्योति मावि व्यवस्थापन समितिका अध्यक्ष एवम् हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेलगायतको आतिथ्यता थियो ।

# हुप्रको झाडीमा भेटिएकी शिशुले पाइन् अभिभावक

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडा उपमहानगरपालिका-४, हुप्रचौरस्थित झाडीमा फेला परेको नवजातशिशुले साढे तीन महिनापछि आफूलाई पालनपोषण र संरक्षण गर्ने अभिभावक पाएकी छिन् ।

३० कार्तिकमा बेवारिसे अवस्थामा फेलापरेकी नवजातशिशुलाई हेटौंडा उपमहानगरपालिकाले पर्साको ठोरी गाउँपालिकाका नि:सन्तान दम्पतीलाई शिशु हस्तान्तरण गरेको हो । बेवारिसे भेटिएकी शिशुको अभिभावकत्व ग्रहण गर्न इच्छुक ६ दम्पती र एकजना एकल महिलाको आवेदनमध्ये उपमहानगरपालिकाको कार्यविधिअनुसार ठोरी गाउँपालिकाका आकांक्षीलाई अभिभावकत्व ग्रहण गर्ने गरी शिशु हस्तान्तरण गरिएको हेटौंडा उपमहानगरपालिका



बालकल्याण अधिकारी विष्णुकुमारी लामिछानेले जानकारी दिइन् ।

सम्बन्धित गाउँपालिकासँग आवश्यक समन्वय गरी शिशु हस्तान्तरण गरिएको उनको भनाइ छ । 'हालसम्म नि:सन्तान र भविष्यमा पनि सन्तान प्राप्त गर्न सक्ने अवस्था नभएको देखिएको, सामाजिक, आर्थिकरुपमा समेत सक्षम देखिएका दम्पतीलाई शिशु हस्तान्तरण गरिएको हो,' लामिछानेले भनिन् ।

बेवारिसे शिशु भेटिएपछि हेटौंडा उपमहानगरपालिकाले बालअधिकार संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्यविधि-२०८० नै तयार पारेर शिशु हस्तान्तरण गरेको हो । संघीय कानूनले बेवारिसे अवस्थामा भेटिएका शिशुलाई वैकल्पिक हेरचाहकर्तालाई हस्तान्तरण गर्ने व्यवस्था गरे पनि कसलाई दिने भन्ने यकिन गर्न सक्ने अवस्था नभएपछि उपमहानगरपालिकाले कार्यविधि बनाएर हस्तान्तरण गरेको हो ।

बेवारिसे अवस्थामा भेटिएकी शिशुलाई हस्तान्तरण गर्नुअघि सेफ हाउसमा राखिएको थियो । नवजात शिशुलाई झाडीमा फालेर हिँड्नेको पहिचान हालसम्म हुन सकेको छैन ।

# संगालो टोविस अध्यक्षमा न्यौपाने

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडा-७, न्युरेनी चिसापानीस्थित संगालो टोल विकास संस्थाको अध्यक्षमा रोमबहादुर न्यौपाने चयन भएका छन् । संस्थाको सोमबार भएको १६ औं वार्षिक साधारण सभाले न्यौपानेकौ अध्यक्षतामा १० सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

उपाध्यक्षमा रेखा मैनाली, सचिवमा बेदप्रसाद भट्टराई, सहसचिवमा रेखा पौडेल र कोषाध्यक्षमा सुजित पोखरेल सर्वसम्मत चयन भएका छन् । कार्यसमिति सदस्यमा प्रभुभाष्कर थापा, जीवकुमारी गौतम, सौरभ अधिकारी, ओमप्रसाद पोखरेल, सृजनासोनाम परियार, विमला गौतम चयन भए । साधारणसभामा संस्थाका अध्यक्ष बेदप्रसाद भट्टराई संस्थागत प्रतिवेदन, कोषाध्यक्ष सुजित पोखरेलले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा असल ऋणी, बचतकर्ता, ज्येष्ठ नागरिक र महिला स्वास्थ्य स्वयंसेविकालाई प्रशंसापत्रले सम्मान गरिएको थियो ।

हेटौंडा वडा नम्बर-७ का वडाध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यता तथा संस्थाका अध्यक्ष बेदप्रसाद भट्टराईको सभाध्यक्षतामा भएको भेलामा वडासदस्य श्यामसुन्दर परियार, हेटौडा उपमहानगरका सामाजिक विकास महाशाखा प्रमुख भीम तिमल्सिना, टोल विकास हेटौंडा नगर समन्वय समितिका अध्यक्ष धुव्र अधिकारी, टोल विकास समन्वय समिति हेटौंडा-७ का अध्यक्ष युवराज गौतम, आमा समूह अध्यक्ष कमला पोखरेललगायतको उपस्थिति थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:




- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित




- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# थाहानगर पर्यटकीय सम्भावना

मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा रहेको पालुङगढीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पहल थालिएको छ । थाहा नगर आफैंमा प्राकृतिक संग्रहालय पनि हो । तर, अझैसम्म पनि थाहानगरले पाहुनालाई आवश्यकीय स्वागत सत्कार गर्न भने सकेको छैन । दामन, सीमभञ्ज्याङ क्षेत्रका होटलहरुले पाहुनालाई जति धेरै स्वागत सत्कार गर्न सक्छन् त्यति धेरै पर्यटक भित्रने निश्चित छ । नेपालमा पाहुनाको भव्य स्वागत सत्कार गर्ने क्षेत्र भनेको अन्नपूर्ण क्षेत्र नै हो । जहाँ गोरा छाला भएका पर्यटकलाई जत्तिकै स्वागत सत्कार नेपाली पर्यटकलाई गरिन्छ । अन्नपूर्ण क्षेत्रसँग थाहानगरका ब्यवसायीले सिक्नुपर्ने धेरै कुरा छन् । पर्यटन ब्यवसाय सेवा ब्यवसाय पनि हो । यो ब्यवसायमा हस्पिटालिटीको अत्यन्तै आवश्यक पर्दछ । पहिलो पटक आएको पर्यटकलाई दोहोर्‍याएर आउने बनाउनु त पर्छ नै त्यही पर्यटकले १० जनालाई थाहानगर जानका लागि सुझावा दिन सकोस् । तर, यो कुरा थाहानगरका पर्यटन क्षेत्रका ब्यवसायीलाई थाहा नभएको होइन ।

थाहा पाएर पनि बेवास्ता गरिन्छ र गरिएको छ । सीमभञ्ज्याङमा हिमपात भएको समयमा २० रुपैयाँ पर्ने एक पाकेट चाउचाउलाई सय रुपैयाँसम्म लिएका कतिपय उदाहरण हामीसँग छ । हामी सञ्चारकर्मीले पनि कयौंपटक आफूहरु ठगिएको महशुस गरेका छौं । पर्यटक ठगिएको महशुस गर्छ भने दोहोर्‍याएर आउँदैन । उसले आत्मसम्मानका साथ स्वागत सत्कार पाएको महशुस गर्छ भने दोस्रो, तेस्रो पटक पनि घुम्नका लागि आउने छ । त्यसैले पर्यटन ब्यवसाय भनेको पाहुनालाई खुशी बनाएर ब्यवसाय गर्नु जरुरी छ । पहिला त थाहानगरमा पर्यटक आउने पूर्वाधारमा जोड दिनुपर्‍यो । त्यसपछि मात्र हस्पिटालिटीका कुरा आउँछन् । थाहा नगरपालिका-२ मा रहेको पालुङगढीलाई पर्यटकीय गन्तव्यकारुपमा विकास गर्न वडा कार्यालय र स्थानीयवासी जुटेका छन् । पालुङगढीसम्म पुग्नका लागि पैदलमार्ग तथा मनोरञ्जनस्थल निर्माण कार्य सुरु गरिएको छ । २ नम्बर वडा कार्यालयले पालुङगढीको संरक्षण एवम् प्रवर्द्धन लागि १५ लाख रुपैयाँ बजेट विनियोजन गरेसँगै स्थानीयले पालुङगढी पिकनिक स्पोट निर्माण समिति गठन गरेर कामको थालनी गरेका हुन् । वडाबाट विनियोजित बजेट र स्थानीयको दुई लाख ५० हजार श्रमदानमा काम सुरु भएको छ । पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माणमा सबै पक्षले हातेमालो गर्नु जरुरी छ । स्थानीयसरकासँग निजी क्षेत्रले सहकार्य गर्नै पर्छ । एकपक्षले मात्र पर्यटक भित्राउन सम्भव छैन । पालुङगढीमा एकसय मिटर लम्बाईको सिँढी निर्माण कार्य सुरु भएको बताइएको छ । ६० घरधुरी रहेको थाहा-२ गैरीगाउँका प्रत्येक घरले चारदिन श्रमदान गर्ने निर्णय गरेका छन् । एकसय मिटर कालो ढुंगाको सिढींलाई आकर्षक बनाउन दायाँबायाँ फलामे बार र प्रत्येक बारको दुई भागमा एक सयवटा फाइवरको फ्रेम भएको बत्ती राखिने योजना बनाइएको छ । यो सराहनीय कार्य हो ।

यो संरचना निर्माण भएपछि त्यसको प्रचारप्रसार गर्नु जरुरी छ । स्थानीय पत्रपत्रिका, रेडियो, टीभीमा समाचार बन्नु पर्छ । सामाजिक सञ्जालमार्फत् पनि प्रचारप्रसार गर्न सकिन्छ । पर्यटक त्यो ठाउँमा किन आउने त ? पर्यटकलाई आकर्षण गर्ने कुरा के छ ? यस्ता कुरामा ध्यान दिन सक्दा राम्रो हुन्छ । 'आइ लभ पालुङगढी' लेख्नका लागि अस्ट्रेलियामा रहेका सुरेश थापाले ३५ हजार रुपैयाँ, २० फिटको अग्लो फलामको पाता रहेको नेपालको झण्डाका लागि नेपाली सेनाका प्रवेश विष्टले १५ हजार, फलामको कुर्सीका लागि गोविन्द कार्कीले १० हजार, गढी जाने बाटोमा पुग्नको लागि बाटो निर्माणका लागि जग्गा पर्ने उद्धव रानामगर र रामशरण राना मगरले जग्गा उपलब्ध गराएको समाचारमा जनाइएको छ । जुन कदम स्वागतयोग्य छ । यसैगरी सहयोग खोजी गर्ने र पालुङगढीको विकासमा स्थानीयले सामूहिक प्रयास गर्नुपर्छ । पालुङगढीको ईतिहास, किम्बदन्तीका बारेमा स्थानीय संचारकर्मीले खोजी गर्नु र प्रचार गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ३० गते बुधबार १३ मार्च २०२४ । तृतीया, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१८, सूर्यास्त ६:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आम्दानी राम्रो हुनेछ | तुला | : यात्रामा खर्च बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मौकाको फाइदा लिन सकिनेछ |
| मिथुन | : प्रेमको बन्धन कसिन सक्नेछ | धनु | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| कर्कट | : चुनौतीहरु देखा पर्न सक्नेछ | मकर | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| सिंह | : व्यवसायमा सामान्य फाइदा हुनेछ | कुम्भ | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| कन्या | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | मीन | : प्रयत्न सफल हुनेछ |

# गठबन्धनले उब्जाएका प्रणालीमाथिका प्रश्न



✍ गोविन्द कोइराला



नेपालको राजनैतिक वृत्त, सामाजिक सञ्जाल, पत्रपत्रिका, चियापसल तथा चौतारामा पुन: एकपटक 'गठबन्धन' शब्दले चर्चा पाएको छ । सामाजिक सञ्जालहरुमा 'मिम' वा हाँसिमजाक बनेको तर बौद्धिक वर्गले चिन्ताको विषय मानेको यसपटकको गठबन्धनले कुन र के कस्ता प्रश्न चिह्न खडा गरेका छन्, गठबन्धनको संस्कार र यसको अन्तर्य, तथा गठबन्धनसँगै उब्जिने निर्वाचन प्रणाली र संवैधानिक विषयमा हामी चर्चा गर्ने छौं ।

यही फाल्गुन २१ गते बिहान सामाजिक सञ्जाल विभिन्न कोणहरुबाट रङ्गिएका थिए । सिंहदरबारका भिताहरूमा फेरि नयाँ रंगले पोतिएको कुरा पत्तालगाउन मुस्किल थिएन किनकि अघिल्लो दिन बेलुकी नैं बालुवाटार, खुमलटार, बालकोट र बूढानीलकण्ठ समाचारका शीर्षक बनिसकेका थिए ।

अनलाइन पोर्टलहरुले दिने छोटकरी सूचना जस्तै छुट र पुट गरी विचारहरू सञ्जालमा छ्याप्छ्याप्ती बने ।

लोटरी परेर सरकारमा गएका दलका कार्यकर्ता र समर्थक खुसी देखिन्थे । पूर्वनिर्वाचन गठबन्धन गरेर गएका दलका मतदाताले आफूले अर्को पार्टीको चिह्नमा भोट नहालेको खुलासा समेत त्यही हुन थाल्यो । इमान्दार कांग्रेस र बेइमानी माओवादी भन्ने पनि देखिए । राजनैतिक वृत्त भरी आक्रोश, निराश र मजाकको श्रृंखला चलेको बखत केही गम्भीर प्रश्न र विश्लेषण पनि सतहमा प्रकट भए ।

चुनाव पछिका १५ महिनामै ३ पटक सरकार फेरिएको कुरामा भावहरु मिश्रित नै देखिए । तर अस्थिरताको खुद्रा पसल जस्तो बनेको नेपाली राजनीति प्रति भने सबै चिन्तित देखिए ।

त्यहाँ उब्जिएका प्रश्न र संशयहरु जायज छन् । जस्तोकि:

मतदाताको 'फ्रीडम अफ च्वाइस' मान्यताको खिलाफ कुनैपनि दलहरुले स्वविवेकले चुनाव चिन्हमा मत हाल्न नदिने गरी 'प्रि इलेक्सन् अलायन्स' गर्न मिल्छ ? अस्थिरताको नाममा बनेका गठबन्धनले के स्थिर सरकार दिदा रैछन त ? 'प्रि इलेक्सन' निर्वाचनमा जाँदा भत्किने समावेशिताको कोटा र प्रतिनिधित्व बेगर देखिने सीमान्तकृततालाई जायज मान्न सकिन्छ त ? सरसरती हेर्दा 'सिन्डिकेट' देखिएको गठबन्धन बन्ने आधार के ? अंकगणित की नीति तथा कार्यक्रम ।

सञ्जाल वा चियापसलहरुमा व्यक्त प्रतिक्रिया र रायका पछाडि छलफल हुनु पर्ने थुप्रै यस्ता विषयहरू छन् ।

फाल्गुन २१ गते राति बनेको सहमतिपत्रमा राष्ट्रिय सभाको अध्यक्ष, उपाध्यक्ष बाँडफाँट र मन्त्रिको सिटलाई मोलमोलाई गरेर एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र जसपाका अध्यक्षहरुले निर्माण गरेको गठवन्धनमा सम्मिलित दलका नियत र संस्कारप्रति पनि संशय उठेका छन् ।

यी प्रश्न र संशयलाई अन्य मुलुकका परिवेश र हाम्रो अवस्थाका आधारमा स्पष्ट धारणा बनाउन प्रक्रिया र प्रणाली वा हाम्रो संस्कारमा सुधारको विकल्प तर्फ बहस गर्नु अहिलेको टड्कारो आवश्यकता देखिएको छ ।

नेपालमा गठबन्धन सरकार र निर्मित अस्थिरताको कारक तत्व मिश्रित निर्वाचन प्रणालि हो, शासन व्यवस्था हो वा राजनैतिक संस्कार ?

अहिलेका गठबन्धन दलले मन्त्री पदको बार्गेनिङमा आँखा गाडेका बेला हामी भने अन्य मुलुकमा निर्वाचन प्रणाली र गठबन्धनको परि स्थिति हेरौं र नियालौं ।

लोकतन्त्र रहेका मुलुकमा मुख्य गरी संसदीय र राष्ट्रपतीय शासन व्यवस्था हुने गरेका छन् । शासन व्यवस्था र निर्वाचन प्रणालि आफ्नो अनुकूलता अनुरूप फरक छन् ।

कार्यकारी राष्ट्रपतीय प्रणाली भएको अमेरिकाको सरकार स्थिर देखिन्छ । कार्यकारीको कामकारबाहीमा प्रभाव नपार्ने त्यहाँको तल्लो र माथिल्लो सदन स्वतन्त्र रूपमा कानुन निर्माण र शक्ति सन्तुलन मिलाउने ठाउँ हुन् ।

दुवै सदनमा साना र फरक दलहरुको पनि प्रतिनिधत्व हुने हुनाले फरकमत राख्ने ठाउँ त्यो देखिन्छ । यहाँ नीतिको मन्थन हुन्छन् , फरकमत पनि आउँछन् र सहमति पनि बन्ने हुन्छ । दुई मात्र दलको वर्चस्व रहेको अमेरिकामा स्थापनाकाल देखि नै लिबरल (डेमोक्र्याट) र कन्जरभेटीभ दल नीति र परिकल्पनाको आधारमा जनताद्वारा पालैपालो निर्वाचित भएका इतिहास छ । यहाँ बहुमतीय निर्वाचन प्रणाली हुन्छ र गठबन्धनको गुन्जायस नै छैन ।

भारतमा संसदीय व्यवस्था छ । सदनको बहुमतले कार्यकारी प्रधानमन्त्री चुनिन्छन् । बहुमतीय (प्रत्यक्ष) निर्वाचन प्रणालि भएको भारतमा सम्पूर्ण रूपमा 'पहिलो हुने निर्वाचित हुने' प्रक्रिया छ, जसमा समानुपातिक समावेशिताका लागि छुट्टै समानान्तर निर्वाचन हुँदैन , तर तोकिएका निर्वाचन क्षेत्रबाटै निश्चित कोटा समावेशी प्रतिनिधत्व हुनेगरी प्रत्यक्ष निर्वाचनबाटै जितेर आउने मानक छ ।

निर्वाचनमा चर्को ध्रुवीकरण देखिने भारतको चुनावी इतिहासमा जित्नकै लागि, कुनै विकशित राजनैतिक घटनाक्रमका विरुद्ध, क्षेत्रीय दलको प्रभाव वा जातीय नाराहरूका प्रभाव, भ्रष्टाचार वा अलोकतान्त्रिक कदमका विरुद्ध नामक 'प्री इलेक्सन्' गठबन्धन बन्छन् ।

सन् १९४८ पछिको स्वतन्त्र भारतमा भारतीय कांग्रेस पार्टीको २० वर्ष एकल राजकाजमा त्यहाँका क्षेत्रीय दलहरुसँग कम्युनिष्ट विचारधाराको निस्टेजको लागि गरेको गठबन्धन होस् वा भारतीय राष्ट्रिय कांग्रेसलाई घेराबन्दी गर्दै सन् १९७५-१९७७ को संकटकाल घोषणा गर्नु पूर्व र पश्चात गरिएका ।

१९७१, १९८९ जनता दल तथा अन्यको वा १९९६ तथा २०१४ पछि को भारतीय जनता पार्टीले नेतृत्व गरेको राष्ट्रिय जनतान्त्रिक मोर्चा (एनडिए) को विधान सभा र लोकसभाका लागि राष्ट्रिय वा क्षेत्रीय दल सँगको गठबंधनह त्यस्तै २००४ देखि २ कार्यकाल चलेको भारतीय राष्ट्रिय कांग्रेस नेतृत्वको संयुक्त प्रगतिशील गठबंधन (यूपीए) ।

भाजपाको शक्ति बढेको देखका धेरै क्षेत्रीय र राष्ट्रिय शक्तिहरू विचार र मुद्दा नमिले पनि गठबन्धन गरी सत्तामा आउने प्रवृत्ति हाल भारतमा देखिएका छन् (जस्तै सन् २०१५को पिडीपी र भाजपाको जम्मू र कश्मीरको गठबन्धन, तर यो लामो समय चलेन ।)

भारतमा निर्वाचन गठबन्धनले यही वर्षको अप्रिल र मेंमा हुने लोकसभा निर्वाचनमा पनि निरन्तरता पाउने देखिन्छ ।

सत्तापक्षद्वारा धर्मको राजनीतिकरण गरेको, उग्रवादलाई प्रोत्साहन गरेको, प्रेस र मीडियामाथि कब्जा गरेको, 'क्रोनी क्यापिटालिज्म' लाई बढावा दिंदै भ्रष्टाचार बढाएको भन्ने जस्ता थुप्रै गम्भीर आरोप सहित विकल्पको रुपमा प्रतिपक्ष दलको गठबन्धन 'इंडिया फ्रन्ट' चुनावमा उभिदै छन् ।

इतिहासले देखाउँछ भारतमा चुनाव पूर्वका सीमित गठबन्धन सरकार बाहेक धेरैले पूर्ण कार्यकाल सरकार चलाउन पाएनन् ।

युरोप विशेषत: यूरोपीय युनियन(ईयू) का अधिकांश मुलुकमा संसदीय व्यवस्था छ तर निर्वाचन प्रणाली भने छिटपुट बाहेक सबैमा मिश्रित नभई पूर्ण समानुपातिक छ (अपवाद जर्मनी, इटालीमा भने नेपालमा जस्तै प्रत्यक्ष र समानुपातिक दुवै) ।

'ईयू' का अधिकांश मुलुकमा दल आफ्ना नीति र एजेण्डा सहित निर्वाचनमा जान्छन् र पार्टीलाई आएको मतको अनुपातमा संसद्मा सीट प्रप्त गर्छन् ।

चुनाव अगाडिको गठवन्धन प्राय: कम हुने यी मुलुकमा पूर्ण समानपातिक प्रणाली र हेकोले एकल पार्टीको बहुमत आउनु सम्भव देखिन्न त्यसकारण निर्वाचन पश्चातको गठबन्धन यहाँको अनिवार्य सर्त देखिन्छ ।

यहाँ गठबन्धन बनाउनै र बनेपनि टिकाउनै गरो देखिन्छ । तर गठबन्धन बन्ने समय यी मुलुकका दलबीच घनीभूत छलफल र ठोस सहमति बन्छन ।

संभावित सरकारमा जाने दलहरु बिच आवश्यक अनुसार महिनौ महिना सम्म आफ्ना नीति र मुद्धा स्थापित 'नेगोसिएसन' हुन्छ । तत्कालीन र दीर्घकालीन युरोपेली युनियन, वैदेशिक व्यापार , इमिग्रेसन, घर कर्जा, विद्यार्थी कर्जा जस्ता विभिन्न मुद्धामा फरक मत हुने गरेका त्यहाका दलमा आफूले चुनावमा उठाएका मुद्धा नबोके आगामी निर्वाचनमा पार्टीको मत घट्ने हुनाले गठबन्धन सरकारमा जानु अगाडि आफ्नो एजेन्डा पूरा हुने प्रत्याभूति हुनु अपरिहार्य ठान्छन् । यसको उदाहरण नेदरल्याण्डमा सन् २०२१ को निर्वाचन पश्चात सरकार गठन हुन २७१ दिन सम्म लागेको थियो ।

यसरी ईयुमा देखिने पूर्ण समानुपातिक प्रणाली र अघि भारत वा अमेरिकामा चर्चा गरिएको बहुमतीय निर्वाचन प्रणाली दुई फरक ध्रुव हुन ! त्यस्तै अफ्रिका , दक्षिण अमेरिका , तथा एशियन देशहरूमा पनि चलन चल्तिका यिनै तीन प्रकारका निर्वाचन प्रणालि हुन् ।

माथिका उदाहरणहरुबाट हामी स्पष्ट हुन सक्छौं : शासन व्यवस्था एउटै भएपनि निर्वाचन प्रणाली आफ्नो अनुकुलतामा फरक हुन सक्छन् । जस्तो नेपालको निर्वाचन प्रणालि मिश्रित हो भने नेदरल्याण्डसको पूर्ण समानुपातिक हो । फेरि निर्वाचन प्रणाली एउटै भएपनि शासन व्यवस्था फरक हुन सक्छन् । जस्तै भारत र अमेरिका जसको आफ्नै विशिष्टता सहितको बहुमतीय निर्वाचन प्रणालि छन् तर शासन व्यवस्था फरक छ ।

यहाँबाट बुझिन्छ कि मुलुकमा आफ्नै छुट्टै शासनव्यवस्था र अनुकूलता अनुसारको निर्वाचन प्रणाली हुन्छन् । त्यसैले निर्वाचनबाट बन्ने एकल बहुमतको वा गठबन्धनको सरकारमा शासन व्यवस्थाको नै दोष कदापि हुँदैन ।

यस्तै समावेशीताको सुनिश्चितताका लागि पनि निर्वाचन प्रक्रियाको प्रकृतिले निर्धारण गर्ने देखिन्छ । चुनाव र निर्वाचन प्रक्रियाको सबै सामाजिक तत्व विचको द्वन्दलाई साझा स्वार्थमा परिणत गर्दै सहमति र प्रतिनिधत्वमा प्रतिबिम्बित गराउँदछ ।

निर्वाचन प्रणालीको जग आफ्नो मुलुकको बहुलवादलाई परिष्कृत गर्ने खालको हुनु पर्दछ जसले मुलुकको लोकतन्त्रलाई सबलीकरण गर्दछ ।

विश्वभरमा संसदीय व्यवस्थाको मुलुक अनुसार प्रयोग भररहँदा प्रत्यक्ष निर्वाचन प्रणालिले मात्र अल्पसंख्यक, दलित, महिला, आदिवासी जनजातिको समावेशिता र प्रतिनिधित्व नभएको वा अल्पमतको कदर हुने गरी यस प्रणालीले काम नगरेको हुनाले सन् १८५७ मा डेनमार्कबाट समानुपातिक समावेशी प्रतिनिधित्वलाई निर्वाचन प्रणालीमा स्थान दिएर थालनी भएको देखिएको छ । त्यसपश्चात निर्वाचन प्रणालीमा मुलुकहरूले आफ्नो अनुकूलता अनुरूप पूर्ण समानुपातिक, बहुमतीय वा मिश्रित निर्वाचन प्रणालि अपनाएको दृश्य देखिएको छ ।

नेपालमा संसदीय निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालि अन्तरगत वि.सं.२०१५ मा संसदीय निर्वाचन भयो । कांग्रेसको नेतृत्व उदार भएर अल्पसंख्यक वा समाजका विविध वर्गलाई टिकट दियतापनी संस्थागत रूपमा समावेशी प्रतिनिधित्व हुने आधार संविधानले दिएको थिएन । २०४६ को जनआन्दोलनले पुन: प्रजान्तन्त्र स्थापना गराएपछि पनि सरकार बन्यो, सरकारले संविधान दियो जसको जगमा वि.स. २०४८, २०५१, २०५६ मा निर्वाचनहरु भए जसमा बहुमतका सरकार बने, गठबन्धनको सरकार पनि बन्यो तर समावेशी प्रतिनिधत्व संस्थागत भएको थिएन ।

नेपाली समाजको बनोट, संरचना र एतिहासिक राजनैतिक र सामाजिक व्यवस्थाका कारणले प्रत्यक्ष निर्वाचन प्रणालीमा सम्पूर्ण वर्ग, लिङ्ग, क्षेत्र र जातीय समूहको स्वस्फुर्त सहभागिता हुन प्रयोगात्मक देखिन्न । दलको उदारता कारण टिकट दिएपनि समाजका अन्य वर्गसंग उत्पीडन र दमनमा परेका उम्मेदवारले प्रत्यक्ष निर्वाचन मार्फत जित्न गाह्रो देखियो ।

फलस्वरूप २०६२/६३ को एतिहासिक दोस्रो जनआन्दोलनपश्चात संविधान सभाको निर्वाचनको लागि अन्तरिम संविधान २०६३ र संविधान सभा निर्वाचन ऐनह मार्फत नेपालमा सबै लिङ्ग, वर्ग, क्षेत्र र जातीय समूहको प्रतिनिधित्वको लागि समावेशी समानुपतिक समानान्तर निर्वाचन प्रणालि अवलम्बन गरियो ।

हाल सम्म वि.स. २०१५ को सरकार लाइ राजाले अपदस्थ गरेको, वि.स. २०४७ को सरकारले संविधान दिएको, वि.स. २०७० को सरकारले संविधानसभाबाट नेपालको संविधान २०७२ दिएको प्रसङ्गमा या त राष्ट्र प्रमुखको दोष देखिएको छ या त सरकारका सफलताका नमूना नत्रभने प्रश्न दलहरु विचको साँठगाँठ,लेनदेन, डेलिभरी दिन नसक्नु, संवादको कमी, नेताको अहंकार वा लोकतान्त्रिक चरित्रको कमीकै कारण वि.सं. २०४८, २०५१, २०५६, २०६४, २०७४ र हालको पनि , सरकार निर्माण/टुक्रिने वा पूरा कार्यकाल व्यवस्थापिकाले कामै गर्न नपाउने गरी संसदीय राजनीतिमै विभिन्न प्रश्न खडा हुने गरी उदृद् भएका छन् ।

यी सबैमा सरकारका आफ्नै पृष्ठभूमि र कारक तत्व थिए र छन् तर २०६४ पछि बनेका सरकारमा देखिएका अस्थिर प्रवृत्तिले निर्वाचन प्रणालीको दोष होकी भन्ने तर्क आउने गरेका छन् ।

प्राय: गठबन्धनको सरकार बन्ने शृंखला चलेको हालको अवस्थामा निर्वाचन प्रणालीको विकल्प खोज्न सुझाइएको देखिन्छ । यद्यपि एकल दलको बहुमतको सम्भावना नरहेको भने होइन । फेरि हामीले खोजेको जस्तो समावेशी र उन्नत लोकतन्त्रका निम्ति प्रतिनिधित्वको सुनिश्चितता आवश्यक रहेको पनि नकार्नै मिल्दैन ।

निर्वाचन प्रणालि भित्रै सुधारका लागि निर्वाचन सम्बन्धी ऐन केही समयमा संसदमा आउँदै गर्दा हाल ब्यापक छलफल र बहस हुनु जरुरी छ । 'प्रि इलेक्सन' गठबन्धन नगराउने हो र स्थिर सरकार खोजेको हो भने निर्वाचन प्रणालि सम्बन्धी विकल्पमा निम्नलिखित ट्रेन्डमा ठीक र बेठीकको स्पष्टता सबै दलबीच हुनु पर्दछ ।

पहिलो, पूर्ण समानुपातिक निर्वाचन प्रणालि , प्रत्यक्ष निर्वाचित कार्यकारी सरकार प्रमुख ।

दोस्रो, हालकै मिश्रित निर्वाचन प्रणालीलाई केही परिमार्जन गरेर जाने , समानुपातिकको सिटलाई केही कम गरेर जाने र तेस्रो, पूर्ण रूपमा समानुपातिक हटाउने , आवश्यक समावेशिताका सीट निर्वाचन क्षेत्र नै तोकेर बहुमतीय आधारमा सम्पूर्ण सांसद प्रत्यक्षबाट नै आउने व्यवस्था ।

माथि चर्चा गरेको युरोपका देशमा जस्तै पूर्ण समानुपतिक निर्वाचन प्रणालि अपाएमा, हाम्रो जस्तो मुलुकमा सांसदहरु आफ्नो निर्वाचन क्षेत्रसंग नजोडिने र जनताप्रतिको जवाफदेहीता हराउने, पार्टीभित्र सांसद बन्ने लिस्टमा अझै बढी मोलमोलाइ हुने, पूर्ण समानुपातिक हुँदा संसद्मा बहुमत पुग्न अझ बढी सकस हुने र सधैं गठबन्धन सरकार बन्ने निश्चित छ ।

अझ, निर्वाचनबाटै आएर अधिनायकवादी कदम चाल्न सक्ने देशको नेतृत्व देखेका जनताले यस्तै अवस्थामा प्रत्यक्ष कार्यकारी सरकार प्रमुखको परिकल्पना गर्लान् ?

दोस्रो विकल्प , मिश्रित निर्वाचन भित्रको सुधार । राष्ट्रिय सभालाई अझ बढी समावेशी बनाउने , प्रत्यक्षमा पनि क्लस्टर सीट बढाउने, समानुपातिक अन्तर्गत निर्वाचित हुने सीट घटाउने तर पूर्ण रूपमा समानुपातिक नहटाउने । यो विकल्प जान हालका निर्वाचन क्षेत्रको पुनर्संरचना हुनु आवश्यक देखिन्छ । फेरि समानुपातिक र प्रत्यक्षमा कसकसलाइ कुन आधार मानेर सीट संख्या थपघट गर्ने स्पष्ट हुनु पर्दछ ।

तेस्रो विकल्प, भारतका ५५० सीट मध्य समावेशिताका लागि पनि 'पहिलो हुने निर्वाचित हुने' वा प्रत्यक्ष निर्वाचन बाटनै करिब २४% सीट अनुसूचित जाती र अनुसूचित जनजातिको लागि छन् ।

हालै लोकसभा बाट पारित महिला आरक्षण विधेयक २०२३ पारित भएसँगै सन् २०२९ पछि लागू हुनेगरी ३३% महिलाको लोकसभामा प्रतिनिधित्व हुने छ ।

प्रत्यक्ष निर्वाचनबाट नेपालमा ती विभिन्न वर्गले चुनाव जित्ने सम्भावना एकदमै न्यून देखिएकोले समानान्तर समानुपातिक आपनाइएकोमा, क्लस्टर अन्तर्गतका उम्मेदवार लाई निर्वाचन क्षेत्रनै छुट्याएर लडाउने गर्न सके भारतमा जस्तै पूर्ण प्रत्यक्ष निर्वाचनबाट बहुमतको वा स्थिर सरकार बन्ने सम्भावना बढी हुन्छ ।

संसदीय अभ्यास गर्ने मुलुकलाई हेर्दा सामान्य बहुमत कुनै पनि पार्टीको नआउँदा 'पोस्ट इलेक्सन् एलायन्स' हनु त स्वभाविक हो तर तर बहुमत र स्थिर सरकारको लागि त्यस्तै अनुकुलको निर्वाचन प्रणालीको अवलम्बन गर्न सकिने पनि देखिन्छ ।

शासन पद्धति र संवैधानिक व्यवस्थाका हिसाबले नेपाल स्थिरताउन्मुख छ । तर संविधानको पूर्ण कार्यान्वन गर्दै मौलिक हकको प्रत्याभूति गराउनु र सम्मुनत नेपालको जग स्थापना गर्नु पर्ने जिम्मेवारी पाएका गत दुवै निर्वाचनले अस्थिरता र सत्ताभोगी गठबन्धन जन्माएकोमा जनताको स्वभाविक संशय छ ।

अझ नेकपा एमालेको सरकार हुँदा भएको संसद विघटनले संविधान प्रति दलहरुको गैरजिम्मेवारपनलाई दर्साउँछ ।

यस पृष्ठभूमिमा केही कुराहरूको स्पष्टताले सायद हामीलाई निष्कर्ष पुर्‍याउँछ । पहिलो, हामीलाई यही संसदीय व्यवस्थाबाट स्थिर सरकार चाहिएको छ ।

दोस्रो, चाहेको ठाउँमा मत हाल्न पाउने अधिकार कुण्ठित गर्नु छैन । जसले जनमतलाई नै गुमराहमा राख्दछ ।

तेस्रो, हामीलाई समावेशीता चाहिएको छ । प्रतिनिधित्व चाहिएको छ ।

चुनावपछिको गठबन्धन सरकारले लिने नीति र कार्यक्रमले आफ्नो भाग्य र भविष्यको निर्धारण गर्ने विश्वास गर्दै महिनौ सरकार गठन प्रक्रिया नजिकबाट नियाल्ने एउटा कुनै जर्मनी नागरिक र रातारात बिना एजेण्डा बिना कार्यक्रम , सत्ताभोग र दोहनको लागि गठबन्धनमा परिवर्तन हुने देश नेपालको नागरिक विचको फरकपनले हामीलाई नेपालको गठबन्धन संस्कार र यस प्रतिको भरोसा जनाउद ।

हामीलाई चाहिएको स्थिरता पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट आशा गर्दैनौं । गठबन्धन संस्कार हाम्रोमा राम्रो देखिएन । जनमत प्रतिबिम्बित हुन नदिने 'प्रि इलेक्सन् अलायन्स' नगर्नु नै ठीक देखिन्छ ।

यसरी बिना गठबन्धन, समावेशिता सहित स्थिर सरकार बनाउने अवसर हामीलाई भारतमा जस्तो समावेशी क्लस्टर सहितको पूर्ण प्रत्यक्ष निर्वाचन प्रणाली भने दिन सक्छ ।

हाल वैचारिक रूपमा देखिएको नेपाली कांग्रेसको लोकतान्त्रिक घटक, एमाले माओवादी लगायतका दलको वामपन्थी घटक, र राप्रपा लगायतका परम्परावादी घटक जस्तै अन्य दलको पनि स्पष्ट वैचारिक धरातल, कार्यक्रममा आधारित आफ्नोपनलाई अझ परिष्कृत गर्दै सहकार्य, एकताको माध्यम नीति र कार्यक्रम हुने थिति बसाल्दै संसद्मा आउँदै गरेको निर्वाचन सम्बन्धी कानुनलाई एकीकरण गर्न बन्ने विधयकमार्फत मिश्रित निर्वाचन प्रणालीलाई परिष्कृत वा आवश्यक परे परिमार्जित गर्न सके वि.सं.२०८४ स्थिरताका लागि 'गिफ्ट' साबित हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# बजेट सिलिङमा विकासे मन्त्रालयहरु असन्तुष्ट, बढाउन दबाब

काठमाडौं/राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि पठाएको बजेट सिलिङमा विकासे मन्त्रालयहरुले चरम असन्तुष्टि जनाएका छन् ।




चालु आर्थिक वर्षमा पाएको बजेट भन्दा पनि कमको सिलिङ पठाएको भन्दै कतिपय मन्त्रालयका सचिवहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमै गुनासो गरेका छन् भने कतिपयले अर्थमन्त्रालयको ध्यानाकर्षण गराएका छन् ।

आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ नेतृत्वको स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षमा सरकारलाई बजेटको आकार १८ खर्ब रुपैयाँ भन्दा नबढाउन सिफारिस गरेको छ । यसै अनुसार मन्त्रालयहरुलाई पनि निश्चित अंक तोकेर त्यसै अधिनमा रहेर बजेट बनाउन भनिएको छ ।

निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले ४ फागुनमा पत्रकार सम्मेलन गर्दै प्रधानमन्त्री, स्रोत अनुमान समिति र अर्थ मन्त्रालयको समेत सहभागितामा आवश्यक छलफलबाट बजेटको सिलिङ तोकिएको दाबी गरेका थिए ।

मध्यकालीन खर्च संरचना अनुसार आगामी आर्थिक वर्षको बजेट १९ खर्ब ४९ अर्ब ५० करोड रुपैयाँ बराबरको हुनुपर्ने थियो । तर, अर्थ मन्त्रालयले मध्यकालीन खर्च संरचनाले प्रक्षेपणअनुसार राजस्व स्रोत उपलब्ध नहुने देखिएको भन्दै सिलिङ करिब डेढ खर्ब रुपैयाँ घटाएको थियो ।

योजना आयोगले मन्त्रालयमा बजेटको सिलिङ पठाएसँगै विशेष गरी विकाससम्बद्ध मन्त्रालयहरुले असन्तुष्टि जनाइरहेका छन् । आगामी वर्षका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १ खर्ब ३१ अर्ब रुपैयाँ बराबरको सिलिङ पाएको छ । चालु आर्थिक वर्षमा नै मन्त्रालयले १ खर्ब ३१ अर्ब ५९ करोड बजेट पाएको छ ।

मन्त्रालयका एक अधिकारीका अनुसार यो सिलिङमध्ये करिब ३५ अर्बभन्दा बढी रकम काठमाडौं-तराई मधेश द्रुतमार्गका लागि छुट्याउनुपर्छ । बाँकीमध्ये पनि अधिकांश बजेट विभिन्न सडक विस्तार परियोजनाहरुमा दातृ निकायबाट खर्च हुने बाह्य स्रोतको हुने छ ।

'आन्तरिक स्रोतबाट नयाँ काम गर्न लगभग बजेट नै छैन, पुराना ठेक्का लागेका परियोजनाहरुमा पनि भुक्तानी दिन यो बजेट सीमाले छोप लाग्दैन', एक अधिकारीले भने, 'त्यसमाथि करिब ५-६ अर्ब त मन्त्री, प्रधानमन्त्री, नेता र सांसदका योजना हाल्ने वैकल्पिक सडक कार्यक्रमहरुमै खर्चिनुपर्छ ।'

शहरी विकास मन्त्रालयको बजेट सिलिङ त चालु आर्थिक वर्षको भन्दा घटेको छ । चालु आर्थिक वर्षमा शहरी विकास मन्त्रालयले ४६ अर्ब ४९ करोड बजेट पाएको थियो । तर, आगामी वर्षका लागि शहरी विकासले ४५ अर्ब ८० करोडको सिलिङ पाएको छ ।

यसले शहरी विकास मन्त्रालयलाई पनि नयाँ योजनाहरु बनाउन सहज नहुने देखिसकिएको छ । शहरी विकास अन्तर्गत संघीय संसद भवन, मन्त्री निवास, विभिन्न सभाहल तथा भ्यूटावर, ग्रामीण तथा सहरी सडक, नयाँ शहर विकास जस्ता धेरै परियोजना अघि बढेका छन् । त्यस्ता अपूरा योजनाहरु पुरा गर्न समेत नपुग्ने गरी सिलिङ दिइएको भन्दै मन्त्रालयका अधिकारीहरु असन्तुष्ट छन् ।

खानेपानी मन्त्रालयले आगामी वर्षका लागि १३ अर्ब ५० करोड बजेट पाएको छ । यो वर्ष १३ अर्ब ४४ करोड बजेट सिलिङ पाएको मन्त्रालय आगामी वर्षको बजेट सीमाप्रति रुष्ट छ । मन्त्रालयका अधिकारीहरु खानेपानीजस्तो आधार भूत सेवाका लागि सरकारले दिएको सिलिङले सामान्य काम पनि गर्न नसकिने भन्दै बढाउन अर्थ मन्त्रालयसँग अनुनय गरिरहेका छन् ।

'खानेपानी सेवाले सामाजिक जीवनस्तर सुधार, स्वास्थ्य र सरसफाइजस्ता पक्षमा दिने योगदानलाई अवमूल्यन गरेर बजेट सिलिङ दिइयो, हामीले बढाउन अर्थसँग भनिरहेका छौं', मन्त्रालयका एक अधिकारीले भने, 'पुराना योजनाहरुकै ठूलो भुक्तानी पनि बाँकी रहेकाले नयाँ कार्यक्रम बनाउन सकिने गरी सिलिङ आएन ।'

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले बजेटको पूरा सिलिङ पाइसकेको छैन । तर, वित्तीयबाहेकको प्राप्त सिलिङले गत वर्षकै हाराहारीमा मात्रै बजेट आउने देखिएको अधिकारीहरु बताउँछन् । विशेषगरी सिँचाइसंवद्ध परियोजनाका लागि आगामी वर्ष बजेट अभाव हुने देखिएको मन्त्रालय स्रोतले बतायो । 'विद्युत पूर्वाधारको बजेट त विद्युत प्राधिकरणले ऋण लिएर पनि व्यवस्थापन गर्ला', एक अधिकारीले भने, 'आन्तरिक स्रोतबाट खर्च हुने सिँचाइ परियोजनाले आगामी वर्ष पनि पर्याप्त बजेट नपाउने देखिएको छ ।'

**सिलिङ संशोधनको अपेक्षा**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन फेरेसँगै आगामी आर्थिक वर्षको बजेट सिलिङ संशोधन गर्ने अपेक्षा विकासे मन्त्रालयहरुको छ । यसअघि अर्थमन्त्री डा. महत स्रोत जुटाउन नसकिने भन्दै सानो आकारको बजेट ल्याउने पक्षमा उभिँदा प्रधानमन्त्री कार्यालयमा त्यसबारे फरक मत सुनिएको एक सचिवले सुनाए । 'प्रधानमन्त्री कार्यालय संकट टार्न सक्ने गरी विस्तारकारी बजेटको पक्षमा थियो', ती सचिवले भने, 'तर, स्रोत र वित्तीय अनुशासनको कारण देखाउँदै १८ खर्बको सिलिङ तोकियो, अब अर्थ मन्त्रालयको नेतृत्व प्रधामनन्त्रीकै विश्वासपात्रले गरिरहेकाले बजेटको सिलिङ बढ्नेमा आशावादी छौं ।'

एमाले-माओवादी गठबन्धन बनेपछि अर्थ मन्त्रालय माओवादीका उपमहासचिव वर्षमान पुनले पाएका छन् । बजेटबारे छलफल गर्न प्रधानमन्त्री कार्यालयले सोमबार नै विभिन्न मन्त्रालयका अधिकारीहरुलाई सिंहदरबारमा बोलाएको छ । यही बैठकबाट प्रधानमन्त्री कार्यालयले बजेटको सिलिङ बढाउने गरी गृहकार्य सुरु हुनसक्ने अधिकारीहरुको दाबी छ ।

गत १७ फागुनमा चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको ७ महिने समीक्षा बैठकमा प्रधानमन्त्री प्रचण्डले बजेटको सिलिङबारे दुईथरि मत रहेको र त्यसमा निष्कर्षमा पुगनुपर्ने सार्वजनिक रुपमै बताएका थिए ।

उनले 'अहिले संकट भएकाले थोरै बजेट घटाएर ल्याउनुपर्छ' भन्ने र 'संकट भएकाले नै समाधान गर्ने गरी यही मौकामा राजस्वको थप क्षेत्र हेरेर झन् ठूलो बजेट ल्याउनुपर्छ' भन्ने दुईथरि मत देखिएको बताएका थिए ।

छलफल गरेर सरकारले बीचको बाटोबाट निकास निकाल्ने उनको भनाइ थियो । 'अपरिहार्य र जनताले विकासको प्रत्याभूत राम्रोसँग गर्न सक्ने गरी सेलेक्टिभ भएर आयोजना र कार्यक्रमहरु राख्ने कुरामा हाम्रो जोड हुन्छ', उनले भनेका थिए, 'हामी सेलक्टिभ भएनौं र प्राथमिकतामा आधारमा बजेट दिएनौं भने अर्को वर्ष झन् ठूलो संकट आउने विगतको अभ्यासबाट देखिसक्यौं ।'

त्यसैले आगामी वर्षको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आयोजना बैंकमा समावेश नभएका आयोजनामा रकम विनियोजन गर्ने प्रथालाई अन्त्य गरिने उनको दाबी थियो । प्रधानमन्त्री प्रचण्डले आगामी वर्षको बजेटमा तुरुन्तै सकिने चरणमा पुगेका बहुवर्षीय आयोजनालाई मात्रै बजेट दिने र वर्षौंदेखि घिटी-घिटी चलिरहेका वहुवर्षीय आयोजनामा केही समय बजेट रोक्ने बताएका थिए ।

'बहुबर्षीय स्रोत सुनिश्चित गरिए पनि तत्काल परिणाम ननिस्किने वर्षौंदेखि घिटी-घिटी चलिरहेका आयोजनामा बजेट रोकेर अर्को पटकका लागि बजेट दिनु नै सही हुन्छ', उनले भनेका थिए, 'पुराना तर छिट्टै सम्पन्न हुनसक्ने र जनताले विकासको प्रत्यक्ष अनुभूत गराउन सक्ने आयोजनालाई यसपटक प्राथमिकतामा राखी बजेट दिएर छिटो काम सक्नु उचित हुन्छ ।'

सिलिङ तोकिएपछि प्रधानमन्त्रीले बजेटको सीमाबारे थप विचार गरिने बताएकाले पनि विकासे मन्त्रालयहरु विभिन्न किसिमले सरकारलाई बजेट सीमालाई बढाएर काम गर्न दिन दबाब सिर्जना गरिरहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# २१ मिनेट घटाएर हलमा 'रङ्गेली'



काठमाडौं/शिवरात्रिको अवसर पारेर शुक्रबारदेखि प्रदर्शनमा आएको फिल्म 'रङ्गेली'लाई प्रिमियर मै लम्बाई छोट्याउन सुझाव मिलेको थियो । त्यसपछि निर्देशक अर्जुन सुवेदीले ४ मिनेट छोट्याएर फिल्म रिलिज गरेका थिए । नभए फिल्मको लम्बाई २ घण्टा ५५ मिनेट थियो । हल रिलिजपछि प्राय: दर्शकबाट फिल्म धेरै लामो भयो भन्ने प्रतिक्रिया मिलेपछि निर्देशक सुवेदीले थप २१ मिनेट घटाएका छन् ।

सोमबारदेखि ठ्याक्कै साढे २ घण्टा लम्बाईको फिल्म प्रदर्शन गरिएको छ । निर्देशक सुवेदीले दर्शकको चाहनाअनुरुप नै फिल्मको लम्बाई घटाएको बताए । 'राम्रो प्रतिक्रियाको बावजूद फिल्म केही लामो भएको प्रतिक्रिया आएको थियो । यसलाई केही घटाउँदा र 'फास्ट कटिङ' गर्दा झनै मज्जा आउँथ्यो भन्ने टिप्पणीलाई आत्मसात् गर्दै हामीले फिल्मलाई २१ मिनेट घटाएका छौं,' सुवेदीले भने ।

पहिलोपटक फिल्म निर्देशन गरेका अर्जुनलाई दर्शकले सुस्त र लामो लाग्ने फिल्म हेर्न नचाहने रहेछन् भन्ने महसुस भएको छ । उनी भन्छन्, 'मैले पहिलोपटक फिल्म बनाएको हुँ । यसैले दर्शकको चाहना के हुने रहेछ भन्ने बुझ्ने अवसर पाएको छु । मुख्य कुरा त फिल्म बनाउनभन्दा हलमा चलाउन मुस्किल हुने रहेछ भन्ने महसुस गरेको छु ।' शुक्रबार र शनिबार फिल्मको व्यापार राम्रो थियो ।

'रङ्गेली'मा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको प्रमुख भूमिका छ । फिल्मका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् भने निर्माताहरू संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् । सह-निर्माताहरु युवक कार्की र शिव शङ्कर चौलागाईं तथा एशोसियट निर्मातामा विवेक खड्का (योलो) छन् ।

# 'बद्री बहादुर'को गीतमा पूजा र सलोनको नृत्य



काठमाडौं/शोभित बस्नेतद्वारा निर्देशित फिल्म 'बद्री बहादुर'को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंका एक कार्यक्रमका बीच सार्वजनिक 'पुलिस दाई' बोलको गीतमा अभिनेत्री पूजा शर्मा र अभिनेता सलोन बस्नेत नृत्य गर्दै प्रस्तुत छन् । सलोन पुलिसको भेषमा देखिएका छन् । जयकिशन बस्नेत, राजीव जंग बस्नेत, शोभित बस्नेत लगायतका कलाकारलाई पनि गीतमा देख्न सकिन्छ ।

गीतमा शिवम अधिकारीको शब्द, टंक बुढाथोकीको संगीत तथा टंक र मिलन नेवारको युगल स्वर छ । शिव विकको कोरियोग्राफी रहेको गीतमा विनोद सापकोटाको छायांकन छ । पूजा र सलोन फिल्मको यही गीतमा मात्रै देखिनेछन् । चलचित्र विकास बोर्डका सदस्य तथा सञ्चारकर्मी रवि अधिकारी कार्यकारी निर्माता रहेको फिल्म आगामी चैत २३ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ ।

जयकिशन बस्नेत, एलिना गुरुङ, छुल्ठिम गुरुङ, राजीव जंग बस्नेत, धिरेन शाक्य, वर्षा चौलागाई आदिको अभिनय रहेको फिल्ममा विनोद सापकोटाको छायांकन, टंक बुढाथोकी र उजन नेम्वाङको संगीत, रामकाजी घिमिरे लेखन, शिव बिकको नृत्य निर्देशन, शंकर महर्जनको द्वन्द्व निर्देशन र समिर मियाँ सम्पादन छ । विजय गोपाल दली प्रस्तुतकर्ता र मिथुन भोटे फिल्मको निर्माता हुन् ।

# विराजको छोरामा मेकरको नजर



काठमाडौं/माता-पिताको पदचाप पछ्याउँदै नेपाली फिल्ममा भित्रने 'स्टार किड्स'को संख्या बढ्दो छ । तर, ज्यादै कमले मात्र आफ्नो प्रभाव छाड्न सफल छन् । अब 'एक्सन स्टार' विराज भट्टका छोरा समीर भट्ट पनि फिल्ममा डेब्यूको तयारीमा छन् । उनलाई विराजले नै आफ्नो नयाँ फिल्म '१२ गाउँ'बाट डेब्यू गराउन लागेका हुन् । पहिलो फिल्ममै समीर एक्सन भूमिकामा प्रस्तुत हुने जनाइएको छ ।

जब विराजले छोराको दुईवटा 'सर्टलेस' तस्वीरहरु सार्वजनिक गर्दै डेब्यूको पुष्टि गरे, त्यसपछि समीरको चर्चा चुलिएको छ । उनको लुक्स र आकर्षक शारीरिक बनावटले मेकरहरुको ध्यान खिचेको छ । त्यसयता उनलाई आधा दर्जनभन्दा बढी फिल्मको प्रस्ताव पुगिसकेको निकट स्रोतको दाबी छ । तर, '१२ गाउँ' रिलिजभन्दा अगाडि छोरालाई अरु फिल्ममा नखेलाउने सोचमा विराज छन् ।


विराजले छोरा समीरको तस्वीर सार्वजनिक गर्नुभन्दा अगाडि केही मेकरलाई देखाएका थिए । त्यसबेलादेखि नै उनलाई फिल्मबाट प्रस्ताव आउन थालेको थियो । स्रोतका अनुसार, सन्तोष सेनले फिल्म 'बलिदान'बाट समीरलाई डेब्यू गराउन चाहेका थिए । यही विषयमा कुरा गर्न उनले विराजसँग भेट पनि गरे । तर, उनले '१२ गाउँ'बाटै छोरालाई डेब्यू गराउने बताएपछि कुरा अगाडि बढेन ।

समीरको तस्वीर सार्वजनिक नहुँदै उनलाई लिएर फिल्म बनाउन निर्देशक सुदर्शन थापाले पनि इच्छा देखाएको स्रोतले जनाएको छ । यतिबेला निर्देशक माइकल चन्दले पनि आफ्नो डेब्यू फिल्म 'राम नाम सत्य'मा समीरलाई लिन प्रयास गरिरहेको जानकारी प्राप्त छ । अन्य केही निर्देशकले पनि समीरका लागि विराजसँग कुरा गरिरहेका छन् । तर, कसैले समीरलाई प्रत्यक्ष भने देखेका छैनन् ।

यसरी हेर्दा डेब्यूपूर्व नै विराजका छोराप्रति मेकरहरुको आकर्षण देखिएको छ । यसको पछाडि दुईवटा कारण छ । पहिलो, समीर 'स्टार किड्स' हुन् । र, हिरोको परम्परागत मान्यतामा अटाउँछ, उनी । दोस्रो, समीरले फिल्ममा आउनका लागि पूर्व तयारी राम्रै गरेका छन् । अभिनय सिक्नदेखि शरीर बनाउन उनले वर्षौं खर्चिसकेका छन् । यसैले समीरमा धेरै मेकरको नजर परेको देखिन्छ ।

# बंगलादेशमा ६.२५ देखि ६.५ अमेरिकी सेन्टमा विद्युत् निर्यात हुने

काठमाडौं/नेपालले निर्यात गर्ने विद्युतको विक्री दरमा नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) बीच समझदारी बनेको छ । हालै विश्वबैंकको एक कार्यक्रमका क्रममा सिंगापुरमा दुई देशका ऊर्जा सचिवहरुको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र बीपीडीबीका अध्यक्ष महबुबुर रहमानबीच विद्युतको दरबारे सहमति भएको ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले संचारकर्मीलाई जानकारी दिए ।



'यस विषयमा औपचारिक सहमति प्राधिकरण र बंगलादेशको बोर्डबीचको बैठकबाटै हुन्छ, तर दुई देशका अधिकारीहरुबीच सिंगापुरमा भएको वार्तामा दरका बारेमा अनौपचारिक सहमति जुटेको बुझिएको छ,' उनले भने ।

नेपालले बंगलादेशलाई पहिलो चरणमा ४० मेगावाट विद्युत् निर्यातको तयारी गरिरहेको छ । त्यही विद्युत् निर्यातको दर तय गर्न दुई देशका अधिकारीहरुबीच वार्ता चलिरहेको छ ।

प्राधिकरण र बोर्डबीच अमेरिकी डलरमा विद्युत् खरिद-विक्रीको सम्झौता हुनेछ । तर, प्रतियुनिट ८ देखि ९ रुपैयाँको बीचमा विक्री दर रहनेगरी समझदारी भएको आफूले बुझेको सिंहले जानकारी दिए । नेपाल विद्युत् प्राधिकरण स्रोतले भने प्रतियुनिट ६.२५ सेन्टदेखि ६.५० सेन्टसम्मको बीचमा विक्री दर हुने समझदारी भएको जानकारी दिएको छ ।

'हामी बंगलादेशमा वार्तामा बस्दा प्राधिकरणले ७ सेन्ट प्रतियुनिट प्रस्ताव गरेको थियो, बंगलादेशले ४ सेन्ट हाराहारीमा प्रस्ताव थियो । त्यसबेला दुई देशका अधिकारीहरुबीचको वार्तामा यो भिन्नतालाई कम गर्ने प्रयास भएको थियो । तर, सिंगापुरको वार्तामा भने हामीले प्रस्ताव गरेकै दरको नजिक पुगेर समझदारी भएको छ,' प्राधिकरण स्रोतले संचारकर्मीलाई जानकारी दियो ।

**बंगलादेश पावर डेभलपमेन्ट बोर्ड**

यसअघि १० फागुनमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको टोलीले विद्युत विक्रीको वार्ता गर्न बंगलादेश गएको थियो । एक दिनका लागि मात्रै भएको सो वार्ता विनानिष्कर्ष टुंगिएको थियो । त्यसलगत्तै दुवै देशका अधिकारीहरु सिंगापुरको भ्रमणमा जाँदै गरेकाले त्यहीं थप वार्ता गर्ने समझदारी भएको थियो । त्यसैअनुरुप सिंगापुरमा दुई मुलुकका सचिवहरुकै उपस्थितिमा वार्ता गरी दरमा समझदारी कायम गरिएको हो ।

प्राधिकरण र बोर्ड बीचको विद्युत् खरिदविक्रीको दर बंगलादेश सरकारले पनि अनुमोदन गर्नुपर्ने हुन्छ । त्यसो हुँदा सचिवकै उपस्थितिमा भएको सहमतिलाई नेपालले महत्वपूर्ण रुपमा लिएको छ । नेपालसँग विद्युत् आयात गर्ने विषयलाई बंगलादेशले महत्वका साथ लिएको त्यहाँका ऊर्जा राज्यमन्त्री नसरुल हमिदले बताएका छन् । अर्को महिनाभित्र नेपालबाट विद्युत् खरिदको सम्झौता हुने अपेक्षा रहेको पनि उनले बीबीसीसँग बताएका छन् ।

'नेपालसँग विद्युत् खरिदका लागि एक वर्षदेखि वार्ता भइरहेको छ, यो अहिले अन्तिम चरणमा पुगेको छ,' उनले हालै बीबीसीसँगको कुराकानीमा भनेका छन्, 'नेपालको विद्युत् भारत हुँदै आयात गर्नुपर्ने हुनाले हामी भारतको एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन)सँग पनि व्यापारको मार्जिन कति हुने भन्ने विषयमा वार्ता गरिरहेका छौं, ह्विलिङ चार्ज कति हुने भन्ने विषय टुंगिसकेको छ ।' बंगलादेशले त्यस विषयमा एनभीभीएनको प्रतिक्रिया कुरिरहेको पनि राज्यमन्त्री हमिदले बताएका छन् ।

त्यसका लागि नेपाल, भारत र बंगलादेशबीच सम्झौता हुनुपर्ने छ । नेपालबाट भारतको ग्रिड हुँदै बंगलादेश विद्युत् आयात हुने विषय ९० प्रतिशत टुंगिसकेको पनि उनले बीबीसीलाई बताएका छन् । तर, नेपालसँग सम्झौता नभईकन मूल्य सार्वजनिक नगर्ने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# विदेशी श्रमिक नलिने मलेसियाको निर्णयको मारमा नेपाल

काठमाडौं/औपचारिक क्षेत्रमा आप्रवासी (विदेशी) श्रमिक भित्र्याएर रोजगारी दिन बन्द गर्ने मलेसियाली सरकारको निर्णयप्रति नेपाल सरकारले चिन्ता व्यक्त गरेको छ । मलेसियाले आगामी जुन महिनाको प्रारम्भ (१८ जेठ) देखि विदेशबाट श्रमिक नल्याउने गरी मलेसियन सरकारले निर्णय गरेको हो ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता तथा सहसचिव राजीव पोखरेलले नेपाल सरकार समक्ष औपचारिक रुपमा जानकारी नदिइएपनि मलेसियन सरकारले आफ्नो आधिकारिक वक्तव्यमा नै यो जानकारी गराइसकेकोले यसबाट नेपाल पनि प्रभावित हुने देखिएको बताए ।

उनका अनुसार यो निर्णयको प्रत्यक्ष असर नेपालले भोग्ने जोखिम देखिएको छ । तर, सरकारले राम्रा वैकल्पिक श्रम गन्तब्यको खोजीका लागि काम गर्न यसले अवसर समेत दिने पोखरेलले बताए ।

मलेसिया लामो समयदेखि नेपाली श्रमिकको प्रमुख श्रम गन्तब्य मुलुक हो । मलेसियाले श्रम बजारमा आप्रवासी कामदारको संख्या बढी भएकाले मलेसिया सरकारले आगामी वैशाख मसान्तसम्म आप्रवासी कामदारलाई प्रवेश अनुमति दिने र त्यसपछि प्रवेशमा रोक लगाउने घोषणा गरेपछि वैदेशिक रोजगार व्यवसायीहरूले पनि चिन्ता प्रकट गरिरहेका छन् ।

गत शुक्रबार मलेसियाको गृह मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदार प्रवेश बन्द हुने भएकाले वैशाख मसान्तअघि आवश्यक कामदार भर्ना गर्न कम्पनीहरूलाई निर्देशन दिएको थियो । मलेसियाका गृहमन्त्री सेरी सैफुद्दीन इस्माइलले शुक्रबार पत्रकार सम्मेलनमा भनेका थिए, 'सरकारले आप्रवासी कामदारहरूको आगमनलाई नियमन गर्ने लक्ष्य राखेको छ, कुल १ कारेड ७० लाख श्रमशक्तिमध्ये १५ प्रतिशतमा विदेशी कामदारलाई सीमित गर्ने नीति तर्जुमा गरिएको छ,' स्वीकृत कोटाभित्र आप्रवासी कामदार ल्याउन कम्पनीहरूलाई मे ३१ सम्मको समय दिइएको उनको भनाइ थियो ।

**कति जान्छन् नेपाली मलेसिया ?**

मलेसियामा अहिले २१ लाखभन्दा बढी आप्रवासी कामदार छन्, त्यसमध्ये ५ लाखभन्दा बढी नेपालीहरु नै भएको अनुमान छ । अब तोकिएको प्रतिबन्ध सुरु भएर अर्को निर्णय नभएसम्म मेसियाले नेपालसहित कुनै पनि देशबाट श्रमिक लिने छैन ।

नेपालको जस्तै मौसम भएका कारणले धेरै अदक्ष श्रमिकले मलेसियालाई रोज्ने गरेका छन् । औसत ८ हजार श्रमिक अहिले पनि मलेसिया पुगिरहेका छन् । मलेसियाबाट श्रमिकको माग आउन बन्द भएपछि धेरै नेपालीले रोजगारीको अवसर गुमाउनेछन् ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पोखरेल मलेसियाको यो निर्णयले नेपाली श्रमिकको मुख्य गन्तब्यमा नै धक्का पुगेको बताउँछन् । 'तर, पछिल्लो समयमा युरोपियन श्रम बजारमा श्रम शक्तिको माग बढेको छ, हाम्रा श्रमिकलाई दक्ष सिपयुक्त बनाएर युरोपका देशमा पठाउने गरी नीति बनाएर काम गर्नुपर्छ,' उनले भने ।

चालु आर्थिक वषको पहिलो ७ महिना (साउन-माघ)सम्ममा ४२ हजार ९२५ जना श्रमिक नयाँ श्रम स्वीकृति लिएर मलेसिया पुगेका छन् । गत आर्थिक वर्षमा २ लाख १९ हजार जना श्रमिक यसरी मलेसिया पुगेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# जेठ अन्तिममा लण्डनमा 'नेपाली फिल्म फेस्टिभल' हुने

काठमाडौं/आगामी वर्षको जेठमा लण्डनमा 'नेपाली फिल्म फेस्टिभल-२०२४' आयोजना हुने भएको छ । बेलायतको राजधानी सहर लण्डनमा दोस्रोपटक यो महोत्सव हुन लागेको हो । थर्ड आई लिमिटेडका अध्यक्ष विकास देवकोटाले सात दिनसम्म महोत्सव चल्ने जानकारी दिए । आगामी जेठ २७ गतेदेखि असार १ गतेसम्म महोत्सव हुनेछ । महोत्सवमा १० वटा नेपाली फिल्म प्रदर्शन हुने जनाइएको छ ।

बेलायतमा नेपाली फिल्म फेस्टिभल आयोजना हुँदा नेपाली कला-संस्कृतिको प्रवर्द्धनमा ठूलो सघाउ पुग्ने अध्यक्ष देवकोटाको विश्वास छ । उनी भन्छन्, 'हामी नेपाली परिवेश र नेपाललाई चिनाउने फिल्म देखाउनेछौं । यसले नेपाली फिल्मको बजार विस्तारमा टेवा पुर्‍याउनेछ भने नेपाली कला-संकृतिको प्रवर्द्धन गर्नेछ ।' नेपालबाट ४० जना फिल्मीकर्मी महोत्सवमा सहभागी हुने जनाइएको छ ।

थर्ड आईले महोत्सवमा ५० वटा फिल्मको आवेदन पर्ने आशा गरेको छ । जसमध्ये दशवटा फिल्मलाई मनोनयन गरेर पाँचवटालाई अवार्ड प्रदान गरिनेछ । महोत्सवमा भाग लिन चाहने फिल्मका मेकरले थर्ड आइको फेसबुक पेजमा गएर आवेदन दिन सक्नेछन् । पछिल्लो समय बेलायत नेपाली फिल्मको बलियो बजार बनेको छ । यसैले लण्डन फिल्म फेस्टिभल प्रभावकारी हुनसक्ने देखिन्छ ।

# बागेश्वरीमा स्वास्थ्य शिविर, चार सयले लिए सेवा



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडा उपमहानगरपालिका-११ नवलपुरस्थित बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा सोमबार एक दिवसीय नि:शुल्क स्वास्थ्यपरीक्षण शिबिर भएको छ ।

नवलपुरमा रहेको त्रिभूवन माध्यमिक विद्यालय परिसरमा भएको स्वास्थ्यशिविरमा चारसय जनाले सेवा लिएका छन् । संस्थाका अध्यक्ष आशाकुमारी अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो । हेटौंडा-१ स्थित सञ्चो अस्पताल प्रा.लिको प्राविधिक सहयोगका विशेषज्ञसहितको टोलीले स्वास्थ्य परीक्षण गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत शर्मिला श्रेष्ठले बताइन् ।

संस्थाको वार्षिक कार्ययोजना अनुरुप नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रम गरिएको जनाइएको छ । शिविरमा स्त्रीरोग विशेषज्ञ डा. प्रशान्त शर्मा, हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. आसुतोष कुमार दास र जनरल फिजिसियन डा. मिथिलेश ठाकुर सहितको स्वास्थ्यकर्मीबाट सेवाप्रदान गरिएको अधिकृत श्रेष्ठले बताइन् ।

सोही अवसरमा सहकारी संस्था र अस्पतालबीच सम्झौता समेत गरिएको छ । संस्थाका शेयर सदस्यलाई अस्पतालमा हुने चिकित्सक शुल्क, ल्याब, फार्मेसीदेखि सम्पूर्ण उपचारमा १० प्रतिशत छुटको व्यवस्था हुने गरी सम्झौता गरिएको अधिकृत श्रेष्ठले बताइन् । कार्यक्रममा सञ्चो अस्पताल प्रा.लिका अध्यक्ष लक्ष्मण अधिकारी, नवयूवा साकोसका अध्यक्ष फुलमान श्रेष्ठ, अस्पतालका सञ्चालक हीरा वाईबा र विद्यालयका प्रअ हस्तलाल श्रेष्ठको आतिथ्यता रहेको थियो ।

# वंशगोपाल माविको अभिभावक भेला



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौडा उपमहानगरपालिका-६, चौघडामा रहेको बंशगोपाल माध्यमिक विद्यालयको सोमबार १८ औं अभिभावक भेला भएको छ ।

हेटौडा उपमहानगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता एवम विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठको सभाध्यक्षतामा भेला भएको हो । भेलामा विद्यालयका प्राचार्य रमेशप्रसाद लामिछानेले विद्यालयको शैक्षिक, आर्थिक तथा भौतिक प्रतिवेदन पेश गरेका थिए । विद्यालयको अक्षयकोषमा सहयोग गर्ने पूर्वविद्यार्थी रमेश चौलागाई, भरत सापकोटा, उत्कृष्ट शिक्षकमा सम्झना राई, सरोज लामिछाने, अस्मिता राई, सावित्री दुलाल र उत्कृष्ठ विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

भेलाको अवसरमा हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले छात्रवृत्ति वितरण गरेको छ । समूहले कक्षा ११ मा अध्ययनरत अन्जु मुक्तान र सविना राईलाई जनही ५/५ हजारका दरले छात्रवृत्ति वितरण गरेको समूहकी सचिव नानीमायाँ रुम्बाले बताइन् ।

भेलामा डिभिजन वन कार्यालय, मरिणका प्रमुख अजयविक्रम मानन्धर, हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, हेटौडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाप्रमुख हरिचन्द्र सापकोटा, वडासदस्य विजय पौडेल, लेखराज ढकाल, मुना विक., भूमि आयोग मकवानपुरका विज्ञसदस्य अर्जुनप्रसाद चौलागाई, विद्यालयका पूर्वअध्यक्ष त्रिविक्रम मानन्धर, बालकृष्ण चौलागाई, बंशगोपाल बहुमुखी क्याम्पस अध्यक्ष उज्ज्वल चौलागाई, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्कीलगायतको आतिथ्यता थियो ।

# सुशासन र उद्यम विकासमा समुदाय र सरकारबीच छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ ग्रिन फाउण्डेशन नेपाल (जिएफएन) ले हेटौंडामा वनमा आधारित उद्यम विकासको लागि हेटौंडामा सरकार र समुदायबीच छलफल गरेको छ ।

संस्थाले उद्यम विकाससँगै सुशासन कायम गर्नुको साथै समुदाय र स्थानीय सरकारबीचको समन्वयात्मक सम्बन्ध सुदृढ गर्दै समस्या समाधान गर्नको लागि कार्यक्रमको आयोजना गरेको हो । हेटौंडा उपमहानगरपालिका वन, वातावरण समिति प्रमुख एबम् १० नम्बर वडाअध्यक्ष फुर्वा लामाले समृद्ध समुदायको लागि स्थानीय उत्पादनलाई जोड दिन उपहमानगर तयार रहेको बताए । उनले उद्यम विकासले स्वरोजगार सृजना गरेको बताउँदै उपमहानगरपालिकाले स्थानीय उत्पादन प्रबर्द्धनमा काम गरिरहेको जनाए ।

यसको साथै सामुदायिक वन उपभोक्ता महासंघ र ग्रिन फाउण्डेशन नेपालले वनमा आधारित उद्यमको जग बसाउनुको साथै यसको दिगो विकासको लागि भूमिका खेलेको समेत उल्लेख गरे । डिभिजन वन कार्यालय हेटौंडाका सहायक वनअधिकृत बसन्तराज गौतमले अबको आर्थिक उत्पादनको स्रोत भनेको उद्यम भएकोले वनमा आधारित उद्यम विकासले समुदायसँगै सिंगो राज्यको अर्थतन्त्रमा खास भूमिका खेल्ने बताए । उनले नेपालमा अब निजी वनमा लगाएका काठपात अन्नबालिसरह ओसारपसार गर्न पाउने समेत काननुले बाटो खुलाइदिएको जानकारी दिए ।

यसैगरी कार्यक्रममा उद्यम, पर्यटन र सहकारी महाशाखा प्रमुख हिम शर्मा पौडेलले उद्यम गर्छु भनेर अठोट गर्ने समूहलाई उपमहानगरपालिकाले तालिम र बीउपुँजी समेत उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गरे । उनले तालिम लिनको लागि मात्र तालिम लिने नभएर उद्यमी बन्नको लागि तालिम लिएमा उपमहानगर पालिकामा बजेटको समस्या नभएको बताए ।

कार्यक्रममा बोल्दै ग्रिन फाउन्डेन नेपालकी कोषाध्यक्ष आरती पाठकले संस्थाको उद्धेश्य नै कृषि र वनमा आधारित उद्यम विकास गर्ने, उद्यमीको दिगो ब्यवस्थापनको लागि सरकार र समुदायबीच पुलको काम गर्ने, बजारिकरणको लागि तालिमहरु उपलब्ध गराउने र स्थानीय उत्पादनलाई बजारसम्म लैजान प्रोत्साहन गर्ने रहेको जानकारी दिइन् । यसको साथै सरकारको तर्फबाट उद्यम विकासको लागि बजेट बिनियोजनको लागि पहल गरिदिने समेत जनाइन् । सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# बालश्रम रोकथामका लागि अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडामा सरोकारवालाबीच बालश्रमको रोकथाम तथा न्यूनीकरण र श्रमिक बालबालिकाको सहभागिता बारे अन्तरक्रिया भएको छ । गैसस महासंघ नेपाल जिल्ला शाखा मकवानपुर र आसमान नेपालको संयुक्त आयोजनामा अन्तरक्रिया गरिएको हो ।

हेटौंडाको सहरभित्र अझैं पनि बालबालिकाको अवस्था चिन्ताजनक रहेकोप्रति सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । उनीहरुले बालबालिका विभिन्न कारणले श्रममा लाग्नुपर्ने बाध्यता कायमै रहेकोप्रति चिन्ता व्यक्त गरे ।

मकवानपुरको मनहरीमा ट्याक्टर चलाउने, गिट्टी कुट्ने, होटलमा काम गर्न जाने र मकवानपुरगढी, बागमती, इन्द्रसरोवर, कैलाश लगायत क्षेत्रबाट बालबालिका गलैंचामा काम गर्न गएको बालबालिकाको क्षेत्रमा काम गरिरहेका सरोकारवाला संस्थाका प्रतिनिधिको भनाई छ ।

मकवानपुरको विभिन्न स्थानमा रहेका वर्कसपमा भारतीय बालक श्रममा रहेका छन् । श्रममा लागेका बालबालिकाको दिगो पुन:स्थापना गर्न चुनौती रहेको उनीहरुको भनाई छ । छलफलमा सहभागी शिक्षक, पत्रकार, श्रमजीवी, विद्यार्थी एवम् अभिभावकले बालश्रम न्यूनीकरण गर्न सबैको भूमिका महत्वपूर्ण हुनेमा जोड दिएका छन् ।

कार्यक्रममा गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा, सिविन नेपालका प्रमुख झविन्द्र ज्ञवाली, मामाघर नेपालका प्रमुख अर्पण पराजुली, आसमान नेपालका कार्यक्रम संयोजक दीपेन्द्र तिवारी, आसमान नेपालका रक्कीप्रसाद साह, गैसस मकवानपुरका सचिव सन्तोष पौडेल, सह-सचिव गोकर्ण तिवारी, सदस्य नवराज शर्मालगायतको सहभागिता रहेको थियो ।

# निबन्ध प्रतियोगिता गर्दै मुख्य न्यायाधिवक्ताको कार्यालय

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशले स्थापना दिवसको अवसरमा 'संघीयताको सुदृढीकरणमा मुख्य न्यायाधिवक्ताको भूमिका' विषयक निबन्ध प्रतियोगिता गर्ने भएको छ ।




कार्यालयले निबन्ध लेखकहरुसँग माग गरेको छ । चैत ५ गतेभित्र प्राप्त निबन्धको मूल्यांकन गरी चैत ९ गते उत्कृष्टको सूची प्रकाशन गर्ने कार्यतालिका रहेको कार्यालयले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट हुनेलाई आगामी चैत १२ गते हुने स्थापना दिवसको औपचारिक कार्यक्रमकाबीच पुरस्कृत गर्ने कार्यालयले जनाएको छ ।

कार्यालयले तोकेको इमेल ठेगानामा २५०० शब्दमा नबढाइ लेखिएको निबन्ध पठाउनु पर्ने र निबन्धमध्ये उत्कृष्ट ५ निबन्धकारलाई स्थापना दिवसका दिन प्रमाणपत्रसहित पुरस्कृत गरिने कार्यालयका सूचना अधिकृत तथा सहायक न्यायाधिवक्ता ठाकुरराम भण्डारीले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुनेलाई नगद १० हजार, द्वितीयलाई सात हजार, तृतीयलाई पाँच हजार र सान्त्वना २ जनालाई नगद चार/चार हजार रुपैयाँ पुरस्कार प्रदान गरिने कार्यालयका उपन्यायाधिवक्ता उदयचन्द्र अधिकारीले बताए ।

खुला प्रतियोगितामा कानुनविद्, प्राध्यापक, कानुन व्यवसायी, सरकारी वकिल, शिक्षक, विद्यार्थीलगायत व्यक्तिहरु सहभागी हुनसक्ने र कार्यालयको भूमिका सम्न्धबमा रचनात्मक सुझाव समेत प्राप्त हुने अपेक्षा गरिएको बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता ज्ञानेन्द्र नेपालको भनाइ छ ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना